# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८०/८१
च.नं. ३९६६

कोशी प्रदेश ,नेपाल
मितिः २०८०/१०/१४
ने.सं.- ११४४ पोहेलागा, ३ आइतवार

श्री ओखलढुङ्गा सामुदायिक सिकाइ केन्द्र, सि.न.पा-१२, ओखलढुङ्गा
श्री ज्यामिरे सामुदायिक सिकाइ केन्द्र, सि.न.पा.-९, ज्यामिरे
श्री चेतना अभिमुखीकरण सामुदायिक सिकाइ केन्द्र, सि.न.पा.-७, विगुटार

विषय : आवश्यक कागजात पेश गर्ने वारे ।

प्रस्तुत विषयमा आ.व. ०८०/८१ मा सामुदायिक सिकाइ केन्द्रले सञ्चालन अनुदान प्राप्त गर्नका लागि सिकाइ केन्द्रसँग सम्वन्धित तपसिल अनुसारका कागजातहरु मिति २०८० फागुन मसान्तभित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन ३(तीन) वटै सामुदायिक सिकाइ केन्द्रहरुलाई जानकारी गराइन्छ ।

तपसिल :

(क) आ.व.०७९/८० मा सामुदायिक सिकाइ केन्द्र सञ्चालन व्यवस्थापन वापत तथा प्रस्तावका आधारमा नगरपालिकाबाट निकाशा भएको अनुदान खर्च साधरण सभाबाट स्वीकृत भएको विवरण

(ख) साधरण सभाबाट चालु आ.व.२०८०/८१ को बजेट र कार्यक्रम (प्रस्तावित कार्यक्रम) स्वीकृत गरेको विवरण

(ग) आ.व. ०७९/८० को आर्थिक लेखापरीक्षण प्रतिवेदन

(घ) सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको मिति २०८० श्रावण १ गतेदेखि विवरण पेश गर्ने मिति सम्मको हाजिरीको प्रमाणित प्रतिलिपि

(ङ) शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS)भरी सोको व्यहोरा प्रमाणित पत्र

(च) सामुदायिक सिकाइ केन्द्र नियमित रुपले सञ्चालनमा रहेको व्यहोराको सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

(छ) सामुदायिक सिकाइ केन्द्र नविकरण तथा चालु आ.व.मा अनुदान मागसम्वन्धी सामुदायिक सिकाइ केन्द्रको पत्र

२०८०।१०।१४
फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

**श्री सूचना तथा प्रविधि शाखा** : वेभसाइटमा अपलोड गरिदिनुहुन ।

(नोट : माथि उल्लेखित विवरण तोकिएको समयमा प्राप्त नभएमा चालु आ.व.०८०/८१ मा अनुदान निकाशा गर्न कार्यालय बाध्य नहुने व्यहोरा समेत अनुरोध छ ।)